# आर्थिक बर्ष २०८२/०८३ को

# बजेट बक्तव्य

चँखेली गाँउपालिका
गाँउ कार्यपालिकाको कार्यालय पिप्लाङ्ग,हुम्ला
कर्णाली प्रदेश, नेपाल
२०८२

गाँउसभाको बैठक

मिति २०८२ साल असार १० गते मंगलबार

प्रस्तुतकर्ता गाँउपालिकाका उपाध्यक्ष श्री प्रेमकला शाही ज्यू

# आर्थिक बर्ष २०८२/०८३ को बजेट बक्तव्य

चँखेली गाँउपालिका

पिप्लाङ्ग हुम्ला

२०८२

यस गरिमामय सभाका सभा-अध्यक्ष ज्यू ,
जिल्ला समन्वय समितिका सदस्य ज्यू,
सभाका सदस्य सचिव ज्यू
गाँउसभाका सदस्य ज्यूहरु,
उपस्थित राष्ट्र सेवक कर्मचारी साथिहरु
तथा राज्यको चौथो अंगको रुपमा रहनुहुने पत्रकार मित्र, सुरक्षाकर्मी तथा
अन्य उपस्थित महानुभावहरु,

यस चँखेली गाँउपालिकाको गरिमामय १४ औं गाउँसभामा आगामी आ.व. २०८२।०८३ को बजेट बक्तव्य पेश गर्न पाउँदा आफुलाई भाग्यमानी महसुस गरेको छु ।

चँखेली गाँउपालिकाले प्रस्तावित बजेट वक्तव्य तर्जुमा गर्दा मुलतः नेपालको संविधानको अनुसुची ८ र ९ मा उल्लिखित स्थानिय तहको एकल तथा साझा अधिकार सुचि, आर्थिक अधिकार र आर्थिक कार्यप्रणाली, मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ प्रदेश र स्थानिय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, स्थानिय तहको आबधिक योजनाले तय गरेका प्राथमिकताहरु, नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, स्थानिय सरकार शासन संचालन ऐन (२०७४) र बिभिन्न नियमावलीका प्रावधानहरु, विकासका समसामयिक मुद्धाहरु जस्तै सामाजिक संरक्षण, दिगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन,खाद्य तथा पोषण सुरक्षा, लैङ्गिक सशक्तिकरण तथा समावेशी विकास,वालमैत्री स्थानिय शासन, वातावरणमैत्री स्थानिय शासन, खुल्ला दिसामुक्त तथा पुर्ण सरसफाई, उर्जासंकट लगायतका अन्तर सम्बन्धित विषयहरु, स्थानिय तहको मध्यमकालिन खर्च संरचना अनुरुप प्राथमिकतामा परेका कार्यक्रमहरु, स्थानिय तहले देखेका विविध विषयहरु, अर्थ मन्त्रालय, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्यबाट प्राप्त मार्गदर्शन , गैर सरकारी कार्यालयहरुको प्राप्त विवरण र बजेट सिलिङ, सहभागितामुलक योजना तर्जुमा अनुरुप बस्ती र टोल स्तरबाट छनौट गरिएका आयोजना र कार्यक्रम, वडा स्तरीय आयोजना र कार्यक्रमहरुको प्राथमिकिकरण र बजेटसँग सम्बन्धित विभिन्न समितिहरुको प्रतिवेदन समेतको आधार मानी गाँउकार्यपालिका बाट स्वीकृत गरी सार्वजनिकरणका लागि यो गरिमामय १४ औं गाँउसभामा आगामी आ.व.२०८२/०८३ को बजेट प्रस्तुत गर्न गईरहेको छु ।

प्राकृतिक सौन्दर्यता साँस्कृतिक विविधता मेहनती र परिश्रमी जनता र भौगोलिक विशिष्टता र सुन्दरता यस चंखेली गाँउपालिका र समग्र हुम्लाकै सम्पतिको रुपमा रहेको छ ।कृषि तथा औषधिजन्य जडिबुटीहरु, पर्यटन, जलविद्युत आदि जस्ता विषयमा प्रचुर संभावना बोकेको चँखेली गाँउपालिका दिगो र समुचित परिचालनको अभावमा अपेक्षित रुपमा सामाजिक सास्कृतिक आर्थिक विकास हुन सकेको छैन । यद्यपि उपलब्ध स्रोत साधन र समयको प्रभावकारी प्रयोग गर्दै सकारात्मक सोंच, दृढ संकल्प र सामुहिक

ईच्छाशक्तिका साथ यस चँखेली गाँउपालिकाको नयाँ भविष्य कोर्ने जिम्मेवारी चँखेली गाँउपालिकाका जनताहरुले हाम्रो काँधमा सुम्पिएका छन् ।त्यसैले विकसित र समृद्ध चँखेली गाँउपालिका निर्माण गर्न हामीलाई कुनै वाहानाले छेक्नु हुदैन ।

सभा अध्यक्ष ज्यू तथा सभा सदस्य ज्यू हरु,

**आगामी आ.व. २०८२।०८३ को बजेटका प्रमुख उदेश्यः**

- आ.व. २०८२।०८३ को यस चंखेली गाउँपालिकाको योजनाको प्रमुख उदेश्य आर्थिक सामाजिक, साँस्कृतिक, रुपान्तरण गर्दै आवश्यक पूर्वाधारहरुको विकास गरी गाउँपालिकालाई समृद्धिको बाटोमा अघि बढाउनु ।
- शिक्षा, स्वास्थ्य, कृर्षि, पर्यटन, जडिबुटी र जलस्रोतको समुचित व्यवस्थापनका लागि सहि परिचालन गर्नु।
- आन्तरिक रोजगारीको पर्बद्धन गर्दै वैदेशिक रोजगारीलाई निरुत्साहित गर्नु ।

अब म आ.व. २०८२ / ०८३ को प्रस्तावित बजेट तथा आय व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

आ.व. २०८२/०८३ को लागि चँखेली गाँउपालिकाको कुल प्रस्तावित बजेट रु ५२,४८,९६,०९४।७० **रु ५२ करोड ४८ लाख ९६ हजार ९४ रुपैया ७० पैसा** हुन आएको छ । **जसमा चालु तर्फ २१ करोड २२ लाख ५५ हजार रुपैंया सत्तरी पैसा (४०.४३ %) र पुजिगत तर्फ ३१ करोड २६ लाख ४१ हजार ९४ मात्र (५९.५७ %) विनियोजन गरिएको छ ।**

| श्रोत | रकम रु. अक्षरमा |
|---|---|
| संघीय सरकारबाट प्राप्त सशर्त अनुदान | १२ करोड १८ लाख |
| संघीय सरकारबाट प्राप्त विशेष अनुदान | ७९ लाख |
| संघीय सरकारबाट प्राप्त समानिकरण अनुदान | ८ करोड १० लाख |
| संघीय सरकारबाट प्राप्त समपुरक अनुदान | १ करोड ४० लाख |
| संघीय सरकारबाट प्राप्त राजश्व बाँडफाँड | ८ करोड ९९ लाख ९२ हजार ९ सय ६३ |
| वैदेशिक सहायता | १६ करोड ६७ लाख ५ हजार १ सय ३२ रुपैया ७० पैसा |
| प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान | २ करोड २० लाख ५२ हजार |
| प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान | ८० लाख ४६ हजार |
| प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान | ७५ लाख |
| प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदान | ४४ लाख |
| आन्तरिक स्रोत | १५ लाख |
| जम्मा | **५२ करोड ४८ लाख ९६ हजार ९४ रुपैया** |

| | |
|---|---|
| | **७० पैसा** |

सभा-अध्यक्ष ज्यू तथा गाउँसभा सदस्य ज्यूहरु,

अव म विषयगत समितिमा विनियोजोन गरेको बजेट सिलिङ प्रस्तुत गर्न चाहान्छु ।

| विषयगत क्षेत्र | बजेट रकम रु. अक्षरमा |
|---|---|
| आर्थिक विकास | ५५ लाख |
| सामाजिक विकास | **११ करोड ५५ लाख** |
| पुर्वाधार विकास | २३ करोड ८० लाख ५ हजार १ सय ३२ रुपैंया ७९ पैसा |
| कार्यालय सञ्चालन तथा व्यवस्थापन | १६ करोड ५८ लाख ३५ हजार ९ सय ६२ रुपैंया |
| विपद व्यवस्थापन | ३० लाख |
| न्याय | १० लाख |
| महिला विकास | ५ लाख |
| लक्षित वर्ग | १० लाख |
| जम्मा | **५२ करोड ४८ लाख ९६ हजार ९४ रुपैया ७० पैसा** |

यसै गरी आ.व. २०८२।०८३ का लागि यस गाउँपालिकामा संघीय सरकार तथा कर्णाली प्रदेश सरकारबाट प्राप्त तपशिलका आयोजनाहरु बारे जानकारी गराउँदछु ।

**संघीय समपुरक अनुदानबाट प्राप्त आयोजना :**

- मेल्छाम स्वास्थ्य चौकी भवन निर्माण रु.१४०,००,०००। **एक करोड चालिस लाख**

**संघीय विशेष अनुदानबाट प्राप्त आयोजना :**

- श्री नवज्योति आधारभुत विद्यालय शौचालय निर्माण तथा शैक्षिक सुधार कार्यक्रम रु ७९00000। **उनानअसी लाख मात्र ।**

**प्रदेश समपुरक अनुदानबाट प्राप्त आयोजना**

- गर्खा कवर्डहल निर्माण **रु ४४,00,000। रु चवालीस लाख** मात्र ।

**प्रदेश विशेष अनुदानबाट प्राप्त आयोजना :**

- डाँफे आधारभुत विद्यालय फर्निचर खरिद तथा शैक्षिक सुधार कार्यक्रम चंखेली ५ नेप्का रु. २५,००,०००। **पच्चिस लाख मात्र ।**
- चंखेली आधारभूत विद्यालय फर्निचर खरिद तथा शैक्षिक सुधार कार्यक्रम चंखेली १ रिमि रु . २५०००००। **पच्चिस लाख मात्र**
- महाकवि आधारभूत विद्यालय फर्निचर खरिद तथा शैक्षिक सुधार कार्यक्रम चंखेली २ रु. २५०००००। **पच्चिस लाख मात्र ।**

**प्रदेश ससर्त अनुदान**

१. तातुला देखि मोड सम्म खानेपानी निर्माण चंखेली १ रु २० लाख

२. रिमी जिउला खानेपानी योजना चंखेली १ रु १५ लाख

३. सामुदायिक स्वास्थ्य इकाई भट्टेवाडा रु ३ लाख

४. सामुदायिक स्वास्थ्य इकाई मेखाला रु ३ लाख

५. सामुदायिक स्वास्थ्य इकाई चरिगाउँ रु ३ लाख

६. मष्ठा मन्दिर पालीगाउँ चंखेली ४ रु १० लाख

७. कमल तटबन्धन कौल्यङ चंखेली ४ रु २० लाख

८. डाँफे आधारभूत विद्यालय भवन निर्माण चंखेली ५ रु २० लाख

**मुख्यमन्त्री तर्फका योजना :**

१.जाच्चेखोला तटबन्धन निर्माण चंखेली १ रु २० लाख

२. महादेव मा.वि. पहिरो नियन्त्रण तटबन्धन योजना चंखेली २ रु २० लाख

३. ब्याँफु खानेपानी निर्माण चंखेली ३ रु २० लाख

४. ओखडि गैरि जिउला तटबन्धन निर्माण चंखेली ४ रु २० लाख

५. माथिखोला देखि भातेखोलि सम्म तटबन्धन निर्माण चंखेली ५ रु २० लाख

६. कोर्का गाउँ पहिरो नियन्त्रण चंखेली ६ रु २० लाख

**यसै गरि आ.व. २०८२।०८३ का लागि यस गाउँपालिकामा संघ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त वित्तीय हस्तान्तरण तथा राजश्व बाँडफाँड रकमको चालु खर्च शिर्षकको खाका प्रस्तुत गर्दछु ।**

| | चालु खर्च शिर्षक | रकम |
|---|---|---|
| | राष्ट्रसेवक कर्मचारीहरुको पारिश्रमिक | १ करोड ४८ लाख २० हजार |
| | पोशाक | ४ लाख ६५ हजार |
| | स्थानीय भत्ता | ३५ लाख १० हजार |
| | महंगी भत्ता | १६ लाख ६० हजार |
| | कर्मचारी बैठक भत्ता | ५ लाख |
| | अन्य भत्ता | २ लाख |
| | पदाधिकारी बैठक भत्ता | ८ लाख |
| | पानी बिजुली | २ लाख |
| | सञ्चार महसुल | २० लाख |
| | ईन्धन कार्यालय प्रयोजन | १० लाख |
| | मेशिनरी तथा औजार मर्मत सम्भार | १० लाख |
| | मसलन्द तथा कार्यालय सामाग्री | २५ लाख |
| | ईन्धन अन्य प्रयोजन | ५ लाख |

| | | |
|---|---|---|
| | महादेव मा.वि. स्कुल बस सञ्चालन | २० लाख |
| | पत्रपत्रिका छपाई र सुचना प्रकाशन | ५ लाख |
| | सेवा र परामर्श खर्च | ५ लाख |
| | सूचना प्राणाली तथा सफ्टवेयर सञ्चालन खर्च | ५ लाख |
| | करार सेवा शुल्क | २ करोड ४८ लाख ८३ हजार ९ सय ६४ |
| | जनप्रतिनिधि सेवा-सुविधा | ६० लाख |
| | कर्मचारी तालिम खर्च | २ लाख |
| | अनुगमन मुल्याङ्कन खर्च | १५ लाख |
| | भ्रमण खर्च | १० लाख |
| | अन्य भ्रमण खर्च | ५ लाख |
| | विविध खर्च | १९ लाख |
| | सभा सञ्चालन खर्च | ८ लाख |
| | घरभाडा | १७ लाख |
| | वडा कार्यालय सञ्चालन खर्च | १ करोड ४४ लाख |
| अनुदान तर्फ | | |
| | सशर्त अनुदान | १४ करोड ३८ लाख ५२ हजार |
| | समपुरक अनुदान | १ करोड ८८ लाख |
| | विशेष अनुदान | १ करोड ५४ लाख |
| | बैदेशिक सहायता | १६ करोड ६७ लाख ५ हजार १ सय ३२ |
| पुँजिगत खर्च | | |
| | फर्निचर तथा फिक्चर्स | १० लाख |
| | मेशिनरी तथा औजार | १० लाख |
| | हस्पिटल (गाउँपालिका तर्फ) | ८८ लाख |
| | समपुरक अनुदान (गा.पा. तर्फ) | ५४ लाख |
| | महादेव मा.वि. ल्याव | १ करोड |
| | हस्पिटल जग्गा खरिद | ५० लाख |
| | गाउँपालिका प्रशासकीय भवन | १ करोड |
| | रातापाया सिँचाई | १ करोड |
| | कार्यपालिका सदस्य योजना | २४ लाख |
| | अध्यक्ष कोष | ७० लाख |
| | उपाध्यक्ष कोष | ५० लाख |
| | भवानी मष्टा मन्दिर चंखेली ४ पाली | १० लाख |
| विषयगत तर्फ | | |

| | | |
|---|---|---|
| | **शिक्षा** | **१ करोड ४५ लाख** |
| | **स्वास्थ्य** | **४५ लाख** |
| | **"अध्यक्ष-उपाध्यक्ष भेटौंला, चंखेलीवासीका दुःख मेटौंला"** मूल नाराका साथ प्रत्येक दुई महिनामा स्वास्थ्य संस्थाहरुमा MDGP / MBBS डाक्टरहरुबाट जनरल OPD सेवा सञ्चालनलाई निरन्तरता दिन | **६ लाख** |
| | आधारभुत स्वास्थ्यमा अधिकार जेष्ठ नागरिकको उचित स्याहार नारा सहित जेष्ठ नागरिकको स्वास्थ्य स्याहार प्रर्वधनका निम्ति घर घरमा गई चेक जाँच सहित निः शुल्क औषधि वितरण सेवा लाई निरन्तरता दिन | **१ लाख ५० हजार** |
| | न्यूनतम सेवा मापदण्ड(Minimum Service Standard)तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard)अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, आकस्मिक तथा अत्यावश्यक औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको व्यवसस्थापन गर्न | **२५ लाख** |
| | संस्थागत सुत्केरी बढाउने उद्देश्यका लागि टाढाका बस्तीहरुका लाई म्याटरनिटि वेटिङ्ग होम व्यवस्थापन तथा बर्थिङ्ग सेन्टर मर्मत | **२ लाख** |
| | ग्रामिण अल्ट्रासाउण्ड सेवा निरन्तरताका लागि | **५० हजार** |
| | स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य ईकाइ तथा आधारभुत स्वास्थ्य केन्द्रहरु कार्यालय व्यवस्थापन गर्न प्रशासनिक खर्च स्वरुप | **१ लाख ७० हजार** |
| | स्वास्थ्यकर्मीहरुका लागि DHIS/ELIMS सम्बन्धी तालिमका लागि | **१ लाख २० हजार** |
| | नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पुर्ण खोप सुनिश्चितता निर्देशिका अनुसार पुर्णखोप वडा तथा गाउँपालिका सुनिश्चितता गर्न | **८० हजार** |
| | महिला स्वास्थ्य स्वयंसेविकाहरुबाट पोषण लेखाजोखा तथा पुनर्ताजगी तालिमका लागि | **१ लाख २० हजार** |
| | यस गाउँपालिका भित्रका गर्भवति महिलाहरुको ८ पटक ANC चेकजाँच गर्न आउने गर्भवती महिलाहरुलाई प्रोत्साहन गर्न सरसफाई तथा पोषण सामग्री वितरणका लागि | **१ लाख ५० हजार** |

| | | |
|---|---|---|
| | अन्य स्वास्थ्य सम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्न | ३ लाख ६० हजार |
| | कृषि | ५ लाख |
| | पशु सेवा शाखा | ५ लाख |
| | न्याय | १० लाख |
| | महिला बालबालिका | ५ लाख |
| | प्राविधिक शाखा | ५ लाख |
| | युवा तथा खेलकुद | १० लाख |
| | विपद व्यवस्थापन | ३० लाख |
| | लक्षीत वर्ग | १० लाख |
| | एम्बुलेन्स मर्मत तथा सम्भार | १० लाख |

**सभाका अध्यक्ष ज्यू,सदस्य सचिव ज्यू , सभा सदस्य ज्यूहरु**

| क्र.स. | कार्यक्रम /कार्यक्रम | बजेट |
|---|---|---|
| आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | |
| | मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यासर रोगी र मेरूदण्ड पक्षघातका विरामीहरूलाई औषधि उपचार खर्च बापत मासिक रु ५ हजार दरले उपलब्ध गराइने रकम | ३००,००० । रू ३ लाख |
| | समुदाय स्तरमा नसर्ने रोग सम्बन्धि स्क्रिनिङ्ग (फागुन महिना) तथा जनचेतना कार्यक्रम सञ्चालन | १५०,०००। रू १ लाख ५० हजार |
| | स्थानिय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, सुरक्षित निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम | ८००,०००। रू ८ लाख । |
| | राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोसाक प्रोत्साहन र यातायात खर्च) | ८०००००। रू ८ लाख । |
| | रोजगार संयोजकको तलव | ४५२०००। रू ४ लाख ५२ हजार । |
| | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने | १६००००। रू १ लाख ६० हजार |
| | किसान सूचीकरण कार्यक्रम | २०००००। रू २ लाख |
| | कृषि तथा पशु सेवाका एक गाँउ एक प्राविधिकहरुको तलव भत्ता | ३७००००। रू ३ लाख ७० हजार |

| | | |
|---|---|---|
| | स्थानीय तहका फिल्ड सहायकको लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | २३१०००। रू २ लाख ३१ हजार । |
| | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | १४२००००. रु १४ लाख २० हजार। |
| | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ३६८९०००। रू ३६ लाख ८९ हजार । |
| | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ७१०६०००। रू ७१ लाख ६ हजार । |
| | मानसिक स्वास्थ्य प्रवर्धन तथा आत्माहत्या रोकथाम सम्बन्धि जनचेतना कार्यक्रम | ५००००। रू ५० हजार । |
| | आकस्मिक अवस्थामा औसधि एवं ल्याब सामाग्री ढुवानी र स्थलगत अनुशिक्षण तथा सुपरिवेक्षण तथा क्षयरोग कार्यक्रमको योजना तर्जुमा तथा कोहर्ट विश्लेषण | ९५०००। रू ९५ हजार |
| | स्थानिय तह मार्फत मातृ तथा नवशिशु कार्यक्रम सन्चालन | ११२००००। रू ११ लाख २० हजार |
| | प्रजनन् रुग्णता स्वास्थ्य सेवा | १०००००। रू १ लाख |
| | बिषादी सचेतना कार्यक्रम | १०००००। रू १ लाख |
| | भेडा प्रवर्द्धन कार्यक्रम | ४००००० रू ४ लाख |
| | एम.आई.एस.अपरेटर र फिल्ड सहायक पोशाक भत्ता | २००००। रू २० हजार |
| | सुरक्षित नागरिक आवास कार्यक्रम :- हुम्ला जिल्ला क्षेत्र नं. १ अन्तर्गत चंखेली गाउँपालिका- ७२ वटा (स्वीकृत आवास संख्या अनुसार आ.व. २०८१/०८२ सम्म सम्झौता भएका लाभग्राहीका लागि भुक्तानी गर्न ) | ८०००००। रू ८ लाख |
| | ठुलाढुङ्गा देखि पटाङ्गरी सम्म वस्ति विस्तार, हुम्ला, चंखेली गाउँपालिका- २ | २००००००। रू २० लाख । |
| | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | १७५००००। रू १७ लाख ५० हजार |
| | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | १०८७०००। रू १० लाख ८७ हजार । |
| | नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन तथा अभियान | ५०००००। रू ५ लाख |

| | | |
|---|---|---|
| | रोजगार संवाद मञ्चको सञ्चालन | २५०००। रू २५ हजार |
| | सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रबिधि हस्तान्तरण | १४००००। रू १ लाख ४० हजार |
| | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | ४४४०००। रू ४ लाख ४४ हजार |
| | स्थानीय तहका स्वास्थ्य शाखा, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल तथा आयुर्वेद औषधालयहरुमा कार्यरत स्थायी कर्मचारीहरुको स्वीकृत दरवन्दी अनुसारको तलव, महगी भत्ता र पोषाक भत्ता | १७६०००००। रू १ कराड ७६ हजार |
| | CBIMNCI कार्यक्रम (कार्यक्रम समिक्षा, स्थलगत अनुशिक्षण) | १०००००। रू १ लाख |
| | स्वास्थ्य चौकी (आधारभुत स्वास्थ्य सेवा केन्द्र) को न्युनतम सेवा मापदण्ड कार्यक्रम ( अभिमुखीकरण, समिक्षा, फलो अप , अनुगमन तथा सुदृधिकरण समेत ) | ११३०००। रू १ लाख १ङ हजार |
| | हुम्ला जिल्ला चंखेली गाउँपालिका वडा न हुम्ला जिल्ला चंखेली गा पा ५ नेप्कागॉउ ढल निकास योजना | २५०००००। रू २५ लाख |
| | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | ७२०००००। रू ७२ हजार |
| | निर्मित गुरुयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान | ६६०००००। रू ६६ लाख |
| | सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारको लागि आयआर्जन अनुदान | ६२५०००। रू ६ लाख २५ हजार |
| | किशोरकिशोरी स्वास्थ्य सेवा | ८४०००। रू ८४ हजार |
| | श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन | २५०००। रू २५ हजार |
| | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | ३००००। रू ३० हजार |
| | पशुपन्छिमा महामारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम | ५०००० रू ५० हजार |

| | | |
|---|---|---|
| | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | ६३७०००। रू ६ लाख ३७ हजार |
| | बहुक्षेत्रीय पोषण कार्यक्रमका पोषण सहजकर्ताको पारिश्रमिक | ३३५०००। रू ३ लाख ३५ हजार |
| | परिवार योजना सेवा | ३००००।रू ३० लाख |
| | नियमित तथ्याङ्कको गुणस्तर वृद्धिका लागि स्वास्थ्य संस्थाहरूको मासिक बैठक, डाटा भेरिफिकेशन तथा भ्यालिडेशन एवम् अर्धबार्षिक र बार्षिक समिक्षा | २०००००। रू २ लाख |
| | रोजगार सेवा केन्द्र सञ्चालन खर्च (मसलन्द, अनुगमन/ईन्धन, रोजगारीमा खटिनु पूर्व अभिमुखिकरण, अन्य विविध खर्च) | १०००००। रू १ लाख |
| | आन्तरीक रोजगारी प्रवर्द्धनका लागि वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उध्यमशिलता प्रवर्द्धन कार्यक्रम | १०००००। रू १ लाख |
| | उद्यम विकास सहजकर्ताहरुको पारिश्रमिक (एकमुष्ट) | ४६५०००। रू ४ लाख ६५ हजार |
| | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | १२६४०००। रू १२ लाख ६४ हजार |
| | शैक्षिक कार्यक्रम | १७४९०००। रू १७ लाख ४९ हजार |
| | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | १७४९०००। |
| | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृति (आवासीय तथा गैरआवासीय) | ६६३०००। रू ६ लाख ६३ हजार |
| | क्षयरोगका जोखिम समुह तथा स्वास्थ सेवाको पहुच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम र पि.बि.सि बिरामीका घरपरिवारका सदस्यहरूको सम्पर्क परिक्षण | १०५०००। रू १ लाख ५ हजार |
| | पोषण कार्यक्रम | २४४०००। रू २ लाख ४४ हजार |
| | स्थानीय तहको साझेदारीमा नियमित खोप सुदृढीकरण, नियमित खोपमा विद्यालय केन्द्रित खोप अभियान सञ्चालन, सरसफाई प्रवर्द्धन कार्यक्रम निरन्तरता, खोपबाट बचाउन सकिने रोगहरूको खोजपड्ताल तथा निगरानी, पूर्ण खोप सुनिश्चतता र दिगोपनाका लागि व्यवस्थापन | ५२२०००। रू ५ लाख २२ हजार |

| | | |
|---|---|---|
| | खर्च | |
| | महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकाहरुलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धि अभिमुखीकरण | २५०००। रू २५ हजार |
| | रोजगार आयोजना सञ्चालनको लागि ज्याला रकम (क्रियाकलाप कार्यान्वयनको लागि स्थानीय तहले कम्तीमा शतप्रतिशत रकम साझेदारी गर्नुपर्नेछ।) | २९८८०००। रू २९ लाख ८८ हजार |
| | रोजगार संयोजकको पोसाक | १००००।रू १० हजार |
| | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | ३५०००। रू ३५ हजार |
| | चरन खर्क सुधार कार्यक्रम | ७५०००० रू ७ लाख ५० हजार |
| | स्थानीय तहका MIS Operator को लागत साझेदारी अन्तर्गत संघीय सरकारले व्यहोर्ने ७ महिनाको पारिश्रमिक बापतको रकम (बाँकी ६ महिनाको सम्बन्धित स्थानीय तहले व्यहोर्ने) | २४९०००। रू २ लाख ४९ हजार |
| | १०० वटा स्थानीय तहमा महिला उद्धमशीलता विकास सहजीकरण केन्द्र संचालन सशर्त अनुदान | २०००००। रू २ लाख |
| | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | ३९५०००००। रू ३ कराड ९५ लाख |
| | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | ७०५३०००। रू ७० लाख ५३ हजार |
| | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ७२५०००। रू ७ लाख २५ हजार |
| | पोषणमैत्री स्थानीय शासन प्रवर्द्धन | २०४००००। रू २० लाख ४० हजार |
| | "म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य" घरटोलमा स्वास्थ्य प्रवर्धन कार्यक्रम | ५०००००। रू ५ लाख |

| | | |
|---|---|---|
| | स्वास्थ्य सेवा | २०००० । रू २० हजार |
| | जुनोटिक रोगहरू, AMR सम्बन्धि पैरवी तथा अभिमूखिकरण कार्यक्रम,AMR Day,Rabies Day | २००००। रू २० हजार |
| | महामरिजन्य रोगहरुको रोकथाम, अनुसन्धान र नियन्त्रण कार्यको लागि द्रुत प्रतिकार्य टोलि (Rapid Response Team) अभिमुखीकरण र स्वास्थ्य आपतकालीन अवस्थामा RRT परिचालन | १३५०००। रू ! लाख ३५ हजार |
| | स्थानीय तह कार्यक्रम कार्यान्वयन समितिको बैठक व्यवस्थापन खर्च | २००००। रू २० लाख |
| | १. छाला झो.पु., २. पारीगाउ झो पु, चंखेली गाउँपालिका, हुम्ला | ६०००००। रू ६ लाख |
| | स्थानीय तह/रोजगार सेवा केन्द्रद्वारा समुदायस्तरमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण तथा सूचना प्रवाह कार्यक्रम | ७२०००। रू ७२ हजार |
| | स्थानीय तहको विषयगत समिति/शाखा (श्रम तथा रोजगार, स्वास्थ्य, सहकारी, जेसी सम्पर्क व्यक्ति, रोजगार संयोजक, न्यायिक समिति, अनुगमन समिति) सँग वैदेशिक रोजगारी सम्बन्धी सेवालाई संस्थागत गर्ने सम्बन्धमा अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम | २००००। रू २० हजार |
| | स्थानीय तहमा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरूसँग वैदेशिक रोजगारी सम्बन्धी अभिमुखीकरण कार्यक्रम | ४२०००। रू ४२ हजार |
| | मनोसामाजिक परामर्शकर्ताको दैनिक भ्रमण भत्ता तथा यातायात र सञ्चार खर्च | ९००००। रू ९० हजार |
| | मनोसामाजिक परामर्शकर्ता (सहायक पाचौं तह) को करार सेवा शुल्क (५० प्रतिशत रकम संघ सरकार मार्फत विनियोजन ) | २०६०००। रू २ लाख ६ हजार |
| | SaMi कार्यक्रम (चौथो) चरणको कार्यान्वयन मोडालिटि सम्बन्धमा अभिमुखीकरण कार्यक्रम | ५००००। रू ५० हजार |
| | बिश्व रक्तचाप दिवस तथा आत्महत्या न्यूनीकरण दिवस मनाउने | २००००। रू २० हजार |
| | आ.व. 20८१/८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता | ८०००००। रू ८ लाख |

अन्त्यमा यो बजेट तर्जुमाको क्रममा प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने अध्यक्षज्यू, वडाध्यक्ष ज्यूहरु लगायत वडा समितीहरु, राजस्व र बजेट सम्बन्धीका विभिन्न समितीहरु, बुद्धिजिविज्यूहरु, विभिन्न राजनैतिक दलका साथीहरु, नागरिक समाज, पत्रकार, प्रमुख प्रशासकिय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, सम्पूर्ण चँखेली गाँउपालिका वासी जनता र देश विदेशमा रहनुहुने दाजुभाईहरु तथा दिदिबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।यस चँखेली गाँउपालिकाको विकास र समृद्धिमा निरन्तर सद्भाव र सहयोग पुर्याउनुहुने चँखेली गाँउपालिकाका नागरिकहरु चँखेली गाँउपालिकाको हित र समुन्नतीका लागि कार्यरत सबै विकासका साझेदार सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरु र संचार माध्यमहरु प्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

**धन्यवाद ।।**

प्रेमकला शाही
उपाध्यक्ष
चंखेली गाउँपालिका